# पुतलीबजार नगरपालिका स्याङ्जा

## पूर्णसरसफाइ उन्मुख वातावरणमैत्री पालिका कार्यान्वयन निर्देशिका २०७८

# स्थानीय राजपत्र

**पारित मिति :- २०७८।११।२७**

**प्रकाशित मिति :- २०७८।१२।०१**

**खण्ड :** **भाग : २** **संख्या :**

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

# “पूर्णसरसफाइ उन्मुख वातावरणमैत्री पालिका कार्यन्वयन निर्देशिका २०७८“

## प्रस्तावना

घर परिवार देखि, समूदाय / टोल ,गाउ, नगर तथा जिल्ला सम्म वातावरणीय  स्वच्छता , सरसफाई तथा स्वच्छता व्यवस्थापनका मान्यताहरुलाइ स्थापित गरी सफा, सुन्दर र सरसफाइ उन्मुख वातावरणमैत्री समाज सृजना गर्नुपर्ने आवश्यकता रहेको छ ।

सरसफाई तथा स्वच्छता मैत्री कृयाकलापहरुको अवलम्वन गरी पूर्ण सरसफाइ उन्मुख हुँदै वातावरणमैत्री नगरपालिका घोषणा गरी समृद्ध पूतलीबजार सुखी नगरवासी नारालाइ साकार रुप दिन ,

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय सरसफाइ गुरुयोजना २०६८, पूर्ण सरसफाइ मार्गदर्शन २०७३, दिगो विकासका लक्ष्य (SDGs-2030), वातावरण मैत्री स्थानीय शासन  प्रारूप २०७८ लगायतका प्रावधानहरुलाई आत्मसात गरि पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री नगर निर्माणका लागि  नगरपालिकाले स्थानीयसरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी यो कार्यान्वयन निर्देशिका निर्माण गरेको छ ।

### परिच्छेद - १

**प्रारम्भिक :**

**१) संक्षिप्त नाम र प्रारम्भ : -**

क) यो निर्देशिकाको नाम  **“ पूर्णसरसफाइ उन्मुख वातावरणमैत्री पालिका कार्यन्वयन निर्देशिका २०७८“** रहेको छ ।

ख)  यो निर्देशिका  नगरपालिका क्षेत्रभर लागू हुने छ ।

ग)  यो निर्देशिका नगरकार्यपालिका वाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा : -**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क)  **ऐन** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनु पर्नेछ ।

ख)  **कार्यपालिका** भन्नाले पुतलीबजार नगरकार्यपालिका सम्झनु   पर्नेछ ।

ग)  **कार्यालय** भन्नाले पुतलीबजार नगरकार्यपालिकाको कार्यालय सम्झनु   पर्नेछ ।

घ)  **नगरपालिका**  भन्नाले पूतलीबजार नगरपालिका सम्झनु   पर्ने छ ।

ङ) **पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री टोल / वडा / पालिका** भन्नाले निर्देशिकामा संलग्न अनुसूची (१) वमोजिम वा निर्देशिकामा तोकिए वमोजिम सूचकहरु पुरा गरेको टोल, वडा वा पालिकाको अवस्था भन्ने सम्झनु पर्नेछ ।

च)  **प्रतिवेदन भन्नाले :-** सहजकर्ता वा निदिष्ट संस्था, समिति  वा  पदाधिकारी वाट पूर्ण सरसफाइ उन्मुख  / वातावरणमैत्री सूचकका आधार तथा कृयाकलापहरुलाइ व्याख्या / वर्गिकरण विश्लेषण वा एकीकरण तथा समायोजन गरी तयार  पारिएको सबैखाले प्राथमिक वा द्वितिय सूचकहरुको अवस्था झल्काउने संग्रह समेत लाइ सम्झनु पर्छ ।

छ)  **समन्वय समिति** भन्नाले यस निर्देशिकाले निर्दिष्ट गरे बमोजिमको समन्वय  समिति सम्झनु पर्नेछ ।

ज )  **अनुगमन समिति** भन्नाले यस निर्देशिकाले निर्दिष्ट गरे बमोजिमको अनुगमन  समिति सम्झनु पर्नेछ ।

झ) **शाखा भन्नाले :** उक्त कार्यमा सहजीकरण गर्नका लागि स्थापित तथा परिचालित सम्बन्धित विषयगत शाखा वा वातावरण तथा सरसफाइ शाखा भन्ने सम्झनु  पर्दछ ।

ञ) **सरोकारवाला** भन्नाले स्वच्छता, सरसफाई तथा वातावरण सँग काम गर्ने सरकारी, गैरसरकारी निकाय वा निजी क्षेत्र वा व्यक्ति वा संस्था वा निकाय समेतलाई सम्झनु पर्दछ ।

ट)  **कार्यदल**   भन्नाले नगरकार्यपालिकाबाट गठित कार्यदल सम्झनु पर्दछ ।

ठ ) **परामर्शदाता** भन्नाले यस निर्देशिका कार्यान्वयनका लागि आवश्यक सल्लाह, सुझाव, सहयोग  र सहकार्य गर्न गराउन नगरपालिकाबाट व्यस्थापन गरिने व्यक्ति संस्था वा निकाय सम्झनु पर्दछ ।

**ड)  सरसफाइ :** मानव मलमुत्रको सुरक्षित विर्सजनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाइ भनिन्छ ।

सरसफाइले फोहोरमैला संकलन र फोहोर पानीको विर्सजन मार्फत स्वच्छता कायमलाई गर्नुलाई बुझाउँछ ।

जनस्वास्थ्य प्रवद्र्धनका लागि गरिएका विभिन्न स्वस्थकर क्रियाकलापहरुको समग्र कार्य सफाइ हो ।

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

**ढ) स्वच्छता :** स्वच्छता भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको आनीबानीलाई जनाउँछ ।

**ण) सफा र स्वच्छ अवस्था** : सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्था ।

**त) पूर्ण सरसफाइ उन्मुख अवस्था :** यस मार्गदर्शनमा उल्लिखित सफा र स्वच्छ , पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समन्वय समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्था ।

सार्वजनिक शौचैचालय : सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता–मैत्री शौचालय हो ।

**थ) संस्थागत शौचालय :** विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता निकायहरुमा निमार्ण गरिएका प्रयोगकर्ता–मैत्री शौचालय हो ।

**द) सामाजिक समावेशीकरण** : समुदायका सवै लिंग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र क्षेत्रका व्यक्तिको योजना तर्जुमा, निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

**ध) विपद् व्यवस्थापन :** बाढी—पहिरो, आगलागी, भूकम्प, भूक्षय र रोगव्याधिजन्य महामारी जस्ता प्राकृतिक एवं मानव सृजित बिपद् सम्बन्धी पूर्व तैयारी, उद्धार, पुनर्लाभ, पुनस्थापना र पुनःनिर्माण व्यवस्थापनको समष्टिगत व्यवस्था हो ।

**न) प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ र स्वच्छता (वास)का सुविधाहरु :** शारीरिक रुपले असक्षम र अपाङ्गता भएका तथा बालबालिका,वातावरण,लैगिंक,जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोगकर्ता–मैत्री ( भन्नाले वातावरण, बाल, लैगिंक, अपाङ्गता र वृद्ध– प्रयोगकर्ता–मैत्री) वास सुविधाहरु ।

**प) बानी व्यवहार विकास :** शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी(मासिक धर्म व्यवस्थापन लगायत र अन्य सरसफाइ र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रिया हो ।

**फ) दिगो सरसफाइ** : स्वचालित र नियमित रुपमा संचालित सरसफाइ हो ।

**ब) सुरक्षित पानी :** मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक,जैवीक र रसायनिक पदार्थहरु नरहेको पानी बुझिन्छ ।

**भ) वातावरणमैत्री सार्वजनिक कार्यालय** भन्नाले अनुशुची १ को खण्ड ख बमोजिमका सूचकहरु पुरा गरेको अवस्थालाई जनाउने छ ।

**म) वातावरण मैत्री वडा** भन्नाले अनुसूची १ को खण्ड ग बमोजिमको सूचकहरु पुरा भएको अवस्थालाई जनाउने छ ।

**य) वातावरण मैत्री नगरपालिका** भन्नाले अनुसूची १ को खण्ड घ बमोजिमको सूचकहरु पुरा भएको अवस्थालाई जनाउने छ ।

**र) पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री घर परिवार** भन्नाले अनुसूची १ को खण्ड क बमोजिमको सूचकहरु पुरा भएको अवस्थालाई जनाउने छ ।

**ल) घोषणा :भन्नाले अनुसूची १ का कुनै एक वा सबै खण्डका सूचकहरु तोकिए बमोजिम पूरा गरी पूर्ण सरसफ़ाई उन्मुख ,वातावरण मैत्री बनाउन गरिने कार्य वा क्रियाकलाप हरु संझनुपर्छ ।**

**व) अबलम्बन वा प्रतीबद्दता भन्नाले अनुसूची २ बमोजिमका कार्यहरु संझनुपर्छ ।**

**श) अनुसूची ४ भन्नाले नतिजामा आधारित कार्ये योजना सांझनुपर्छ ।**

**३. लक्ष्य**

सबैको लागि र सधैको लागि पूर्ण सरसफाइको अवस्था हासिल गर्नेतर्फ उन्मुख हुदै वातावरणमैत्री समाजको सिर्जनाद्वारा नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने अवस्था सृजना गर्दै सन् २०३० सम्म वातावरण मैत्री नगर घोषणा गर्ने ।

**४. उदेश्य**

**उपदफा ३ बमोजिमको लक्ष्य हासिल गर्न तपसिलका उद्देश्यहरु राखिएको छ ।**

- खुला दिसामुक्त अवस्थाको दिगोपना कायम गर्ने ।
- सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्ने ।
- घरायसी तथा संस्थागत तहमा सरसफाइ र स्वच्छताका सुविधाको समुचित प्रयोग,मर्मत सम्भार तथा स्तरोन्नती गर्ने ।
- सुरक्षित खानेपानीको सेवा सुनिश्चित गर्ने र घरायसी तथा सस्थागत तहमा पानी शुद्धीकरणको प्रवद्र्धन

स्थानीय राजपत्र

समेत गर्ने ।

- फोहोर मैला तथा मानव मलमुत्रीय फोहोरको सम्भव भएसम्म पुनःप्रयोग गर्ने वा तोकिएको मापदण्डका आधारमा विसर्जन गर्ने ।
- पानीको श्रोतहरु जस्तै पोखरी, साना जलाशय, स्थानीय मुहानहरु र खोला खोल्सीहरुको संरक्षण गरी स्वच्छता तथा सुन्दरता कायम राख्ने ।
- वातावरण संरक्षण,व्यवस्थापन, जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहलाई मूलप्रवाहीकरण गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा घरपरिवार तहसम्मको काम, कर्तव्य र जिम्मेवारी तथा हासिल गर्नु पर्ने नतिजाको सम्बन्धमा स्पष्ट पार्नु।
- घरपरिवार, टोल विकास संस्था र वडाहरुलाई सकारात्मक प्रतिस्पर्धाको माध्ययमद्वारा वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन प्रोत्साहित गर्नु।
- वातावरण संरक्षण तथा दिगो विकासका लागि सरोकारवालाहरुबीच आर्थिक एवम् प्राविधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु।

## परिच्छेद - ५
## अवस्थाको विश्लेषण :

**५. तथ्यांक संकलन र प्रशोधन**

नगरपालिका क्षेत्र भित्रका घरधुरी, संघसस्था र सार्वजनिक स्थलहरुमा खानेपानी, सरसफाइ, स्वच्छता र वातावरणीय अवस्थाका लागि अनुसूची १ बमोजिमको फारमको प्रयोग गरी तथ्यांक संकलन गरिने छ ।

**५.१** अवस्था विश्लेषणका लागि कर्मचारी तथा महिला स्वास्थ्य स्वयं सेविका, टोल विकास संस्थाका पदाधिकारीहरु समेतको परिचालन गरी टोल स्तर बाट तथ्यांक संकलन गरिनेछ ।

**५.२** तथ्यांक संकलन सम्बन्धी कार्यमा वडा समन्वय समिति र टोल विकास संस्थाहरुले आवश्यक प्रचार प्रशार र समन्वय गर्नु पर्नेछ ।

**५.३** टोल स्तरबाट संकलित तथ्यांकहरुलाई वडा कार्यालयले एकीकृत गरी शाखामा पठाउनु पर्नेछ।

**५.४** शाखाले सबै वडाबाट तथ्यांक प्राप्त गरी विश्लेषण गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## परिच्छेद - ६
## पूर्ण सरसफाइ उन्मुख वा वाताबरणमैत्री पालिका घोषणा प्रक्रिया :

**६.** पूर्ण सरसफाइ उन्मुख, वातावरण मैत्री पालिकाका लागि अनुसूची१ .बमोजिमको सूचकका उपलब्धिहरु हासिल गर्नका लागि देहाय बमोजिमका क्रियाकलापहरु अवलम्बन गरिने छ ।

**६.१** पालिका तथा वडा स्तरीय खानेपानी,सरसफाइ र स्वच्छता सम्वन्यन समितिको गठन, पुनगर्ठन,र गठित समितिहरुलाई पुर्ण सरसफाइ सम्वन्धि अभिमुखीकरण कार्यक्रम संचालन ।

**६.२** वडाहरुमा टोल स्तरीय उपसमिति गठन तथा पुर्ण सरसफाइ उन्मुख प्रवद्र्धनात्मक कृयाकलापहरु संचालन तथा परिचालन ।

**६.३** अवस्था विश्लेषण प्रतिवेदन समेतको आधारमा कार्ययोजना बनाई समन्वय समितिबाट स्वीकृत गर्ने ।

**६.४** शाखा तथा कार्यक्रम संग सम्बन्धित जनशक्तिलाई अभिमुखीकरण कार्यक्रम संचालन गरी परिचालन गर्ने ।

**६.५** वडाका सवै घरधुरीलाई लक्षित गरी स्वस्थ घरधुरी अनुगमन फलेक्स वा फाराम छपाउने र प्रत्येक घरधुरीलाई वितरण गर्ने ।

**६.६** प्रत्येक स्वास्थ्य संस्था,विद्यायल तथा समुदायमा आधारित संघसंस्थाहरुमा पुर्ण सरसफाइ र वातावरण मैत्री सम्वन्धि ब्यवहार परिवर्तनका सुचकहरु प्राप्त गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्ने ।

**६.७** टोल स्तरीय अनुगमन समितिहरु गठन गर्ने र स्वस्थ्य घरधुरी र वातावरण मैत्री सम्वन्धि अनुगमन प्रकृयाको बारेमा तालिम संचालन गर्ने ।

**६.८** प्रत्येक महिना अनुगमन समिति मार्फत स्वस्थ्य घरधुरी र वातावरण मैत्री सुचकहरुको अनुगमन गर्ने ।

**६.९** पूर्ण सरसफाइको र वातावरण मैत्री सूचक प्राप्तिको लागि गरिव तथा विपन्न घरपरिवारलाई सहयोग तथा प्रोत्साहनको कार्यक्रमहरु संचालन गर्ने ।

**६.१०** फोहोर वर्गीकरण र व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन कार्यविधि २०७६ अनुसारका क्रियाकलापहरु संचालन गर्ने ।



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

स्थानीय राजपत्र

**६.११** सार्वजनिक तथा संस्थागत स्थलमा खानेपानी तथा शौचालय लगायतका घरयासी र वातावारणयीय सरसफाइ सम्बन्धी आवश्यक प्रयोगकर्ता मैत्री पुर्वाधारहरु निर्माण तथा मर्मत सम्भार र व्यवस्थापन गर्ने ।

**६.१२** नगर, वडा र टोल स्तरमा निजि क्षेत्र, नागरिक समाज, विकास साझेदार, लगायतका सरोकारवालाहरु संग समन्वय र सहकार्य गर्ने ।

**६.१३** टोलका सवै घरधुरीहरुमा स्वस्थ्य घरधुरी र वातावरण मैत्री सुचकहरुको अवस्था हासिल गरे प्रश्चात वडा स्तरीय संरचना मार्फत अनुगमन गरी पूर्ण सरसफाइ उन्मुख / वातावारणमैत्री टोल घोषणा गर्ने ।

**६.१४** वडाका सवै टोलहरु पूर्ण सरसफाइ उन्मुख / वातावारणमैत्री टोल घोषणा गरे प्रश्चात वडा स्तरीय बैठक मार्फत पालिका पालिकास्तरीय समितिमा अनुगमनका लागि अनुरोध गर्ने ।

**६.१५** पालिका स्तरीय समिति बाट अनुगमनले पुर्ण सरसफाइ उन्मुख / वातावरण मैत्री सुचकहरुको अवस्था हासिल गरेको अवस्थाको आधारमा पुर्ण सरसफाइ उन्मुख वा वातावरण मैत्री वडा घोषणाका लागि अनुमति दिने ।

**६.१६** पुर्ण सरसफाइ उम्मुख / वातावरण मैत्री वडा प्रमाणिकरण तथा घोषणा कार्यक्रम स्वयंम वडाले गर्ने ।

**६.१७** नगरका सवै वडाहरु पूर्ण सरसफाइ उन्मुख / वातावरण मैत्री वडा घोषणा गरे पश्चात नगर पालिकास्तरीय समितिको बैठक मार्फत जिल्ला वास सि सि वा तोकिए बमोजिमका सरोकारवाला निकायलाई अनुगमनका लागि अनुरोध गर्ने ।

**६.१८** तोकिए बमोजिमका सरोकारवाला निकायको अनुगमनले पुर्ण सरसफाइ उन्मुख / वातावरण मैत्री सुचकहरुको अवस्था हासिल तथा प्राप्ति गरेको अवस्थाको आधारमा पुर्ण सरसफाइ उन्मुख / वातावरण मैत्री पालिका घोषणाका लागि अनुमति पश्चात पूर्ण सरसफाइ उन्मुख वा वातावरण मैत्री पालिका घोषणा गर्ने ।

**६.१९** संलग्र अनुसुची १ को फर्मेटमा उल्लेखित सूचकहरुको प्रत्येक खण्ड लाई १०० पूर्णाङ्कक कायम गर्ने र ८० भन्दा भन्दा माथी अंक हासिल गर्ने घर धुरीलाइ हरियो स्टिकरमा ३ वटा तारा, ६० देखि ७९ अंक हासिल गर्ने घर धुरीलाई पहेलो स्टिकरमा २ वटा तारा र ४० देखि ५९ अंक हासिल गर्नेलाई निलो स्टिकरमा १ वटा तारा र सो भन्दा कम अंक प्राप्त गर्ने घर धुरीलाई तारा रहित रातो स्टीकरद्वारा संकेत चिन्ह प्रदान गरिने छ । हरियो स्टिकर प्राप्त घरधुरी वा निकाय घोषणाको लागि योग्य मानिने छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय द्वारा जारी वातावरण मैत्री स्थानीय शासन प्रारूप २०७८ द्वारा निर्दिष्ट परिस्कृत सूचकहरु पुरा गरेका घर तथा निकायहरुलाई विशेष पुरस्कार तथा प्रोत्साहनको व्यवस्था मिलाइने नीति लिईने छ ।

६.२० अनुसूची १ को खण्ड (क) मात्र पूरा भएको अवस्थामा घर परिवार वा नियकाय र खण्ड (ख) (ग) र (घ) का सूचकहृरु पूरा गरेको अवस्थामा क्रमशः पूर्ण सरसफाई उन्मुख/वातावरणमैत्री कार्यालय, वडा, नगरपालिका घोषणा गर्दै लगिने छ ।

**परिच्छेद - ७**

**७. कार्यक्रम कार्यान्वयन पकृया:**

**७.१ नगरपालिकावाट पूर्ण सरसफाइ उन्मुख /वातावरण मैत्री वडा / पालिका घोषणा गर्ने कार्यका लागि नगर र वडा स्तरमा देहाय वमोजिमको समिति गठन तथा परिचालन गरिनेछ ।**

**७.१.१ नगर स्तरीय पूर्ण सरसफाइउन्मुख / वातावरण मैत्री समन्वय समितिको संरचना तथा गठन :-**

१) अध्यक्ष : - नगर प्रमुख
२) सदस्य :- नगर उपप्रमुख
३) सदस्य सचिव :- प्रमुख प्रशासकीय अधिकृत
४) सदस्य :- सबै वडाका वडा अध्यक्ष
५) सदस्य :- जिल्ला स्वास्थ्य कार्यालय स्याङ्गजा
६) गै.स.स. महासंघ प्रमुख तथा प्रतिनिधि-सदस्य
७) वडाविकास कार्यक्रमका नगरस्तरीय प्रमुख तथा प्रतिनिधि -सदस्य
८) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नगरस्तरीय प्रतिनिधि -सदस्य
९) नगर वाल संजालका अध्यक्ष वा प्रतिनिधि सदस्य -सदस्य
१०) महिला स्वाथ्य स्वंसेविकामध्येबाट अध्यक्षले तोकेको सदस्य -सदस्य
११) प्रधानाध्यापक/प्राचार्य मध्येबाट अध्यक्षले तोकेको सदस्य प्रतिनिधि-सदस्य
१२) विद्यालय ब्यबस्थापन समिति मध्येबाट अध्यक्षले तोकेको सदस्य प्रतिनिधि सदस्य -सदस्य
१३) शिक्षक अभिभावक संघ मध्येबाट अध्यक्षले तोकेको सदस्य प्रतिनिधि सदस्य -सदस्य
१४) नगर स्तरीय महिला संजालका प्रतिनिधि सदस्य-सदस्य
१५) लघुवितिय संस्थाका प्रतिनिधि सदस्य-सदस्य

स्थानीय राजपत्र

१६) पु . व. न.पा. स्वास्थ्य शाखा प्रमुख -सदस्य
१७) पु . व. न.पा. योजना शाखा प्रमुख -सदस्य
१८) पु . व. न.पा. पूर्वाधार बिकास शाखा प्रमुख -सदस्य
१९) डिभिजन वन कार्यालय प्रमुख तथा प्रतिनिधि सदस्य-सदस्य
२०) खानेपानी तथा सरसफाई डिभिजन का प्रतिनिधि सदस्य-सदस्य
२१) वातावरण सरसफाई शाखा प्रमुख -सदस्य
२२) नगर सहकारी सञ्जालका प्रतिनिधि -सदस्य
२३) नगर वा जिल्ला उद्योग वाणिज्यसंघका र चेम्बर अफ कमर्शका प्रतिनिधी१/१ जना -सदस्य
२४) जिल्ला प्रहरी कार्यालयका प्रमुख वा प्रतिनिधी -सदस्य
२५) जिल्ला प्रशासन कार्यालयका प्रमुख वा प्रतिनिधी -सदस्य
२६) टोल बिकास संस्था मध्येबाट अध्यक्षले तोकेको प्रतिनिधी -सदस्य
२७) नगरकार्यसमितिका सदस्यहरुमध्येबाट अध्यक्षले तोकेको एक महिला सहितको २ जना सदस्य सदस्य
२८) अर्थिक प्रशासन शाखा प्रमुख-सदस्य
२९) तोकिए बमोजिमका अन्य सदस्य –सदस्य

**७.१.२ नगर स्तरीय समन्वय समितिको काम कर्तव्य र अधिकार**

- सूचकहरुको पूर्णताका लागि आवश्यक वजेट तथा कार्य योजना तयारी एवं कार्यान्वयन गर्ने ।
- प्राविधिक सल्लाह र सहयोग गर्ने ।
- कार्यक्रमहरुको कार्यान्वयन लागि समिक्षा वैठक तथा निरन्तरता दिने कृयाकलापहरु संचालन गर्ने ।
- पूर्ण सरसफाइउन्मुख / वातावरण मैत्री सूचकहरुको कार्यपालिकावाट स्वीकृत गराउने ।
- जिल्ला ,प्रदेश र संघका एवं अन्य सरोकारवाला निकायमा आवश्यक संमन्वय र सहजीहरण गर्ने ।
- नतिजामा आधारित कार्ययोजनाको स्वकृति गर्ने गराउने,
- लगानीयोजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने,
- नीतिगत बजेट तथा कार्यक्रमको निरन्तरतामा पहल गर्ने,
- घोषणाको अबलम्वन तथा प्रतिबद्धताको कार्यान्वयन गर्ने गराउने ,
- घोषणा इकाई स्थापना,जनशक्तिको व्यस्थापन तथा परिचालन गर्ने।

**७.२ नगर स्तरीय अनुगमन समितिको संरचना तथा गठन**

संयोजक :- नगर उपप्रमुख,
सदस्य :- संयोजक बन तथा बातबवरण बिषयगत समिति,
सदस्यः- प्रमुख प्रशासकीय अधिकृत,
सदस्य :- योजना शाखा प्रमुख ,
सदस्य सचिव :- वातावरण सरसफाइ शाखा प्रमुख ।

**७.२.१ अनुगमन समितिको काम,कर्तव्य र अधिकार :-**

- सुचकहरुको प्रतिवेदन अध्ययन गर्ने ।
- प्रतिवेदन को शुद्धता परीक्षण तथा पुनः परीक्षण गर्ने ।
- अन्तिम प्रतिवेदन तैयारी तथा नतिजा प्रकाशन गर्ने ।
- वडा /टोल/ समूदायलाई घोषणाको सुनिश्चतामा सहजिकरण गर्ने ।
- नमुना छनौट र त्यस्को परीक्षण तथा पुन :परीक्षण गर्ने ।
- सुचकहरुको प्रतिवेदन तथा अवस्था,कार्ययोजनाको अवस्था अध्ययन गर्ने ।

**७.३ वडा स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छता समन्वय समितिको संरचना तथा गठन :-**

अध्यक्ष : - वडाअध्यक्ष,
सदस्य :- वडा समितिका सबै सदस्यहरु ।
सदस्य सचिव :- वडा सचिव र अन्य आवश्यकतानुसार देहाय बमोजमको क्षेत्रगत प्रतिनिधित्व हुनेगरी वडा समन्वय समिति गठन वडा समितिले निर्माण गनुपर्नेछ
वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिका सदस्यहरु :–

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

स्वास्थ्य सेवा तथा सुबिधा प्रदायकहरु, गैर सरकारी संस्था, समुदायमा आधारित संस्था, वन उपभोक्ता समूहहरु, विकास साझेदारहरु, खानेपानी उपभोक्ता समितिहरु, टोल विकास संस्थाहरु, बाल क्लव, महिला सामुदायिक स्वास्थ्य स्वयं सेवकहरु, प्रधानाध्यापक तथा प्राचार्यहरु, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, महिला समूहहरु, लघु कर्जा संस्थाहरु र अन्य आवश्यक स्थानीय सन्जालहरु,।

**७.३.१ वडा स्तरीय समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

- वडा स्तरीय समन्वय समिति, अनुगमन समिति आदि गठन गर्ने ।
- सूचकको अवलम्वन तथा घोषणा कार्य अगाडि बढाउन निर्णय एवं प्रतिवदता जाहेर गर्ने ।
- अभिमुखीकरण सन्चालन गर्ने तथा क्षमता विकास गर्ने गराउने ।
- घरधुरी सर्वेक्षण फाराम भर्ने तथा भराउने ।
- भरीएका फारामहरु संग्रह गरी एकीकृत प्रतिवेदन र लगानी योजना तयार पार्ने ।
- बैठक, समिक्षा र अनुगमन गर्ने, सूचकहरु मापन गर्ने, नतिजा निकाल्ने, अधुरा सूचकलाइ पुरा गर्न लगाउने तथा सहजीकरण गर्ने र पूर्णताका लागि स्रोतसाधन जुटाउन पहल गरी पूर्वाधारहरु तयार पार्ने ।
- सूचक प्राप्तीमा पूर्णता नहुन्जेल सामाजिक परिचालक, सहजकर्ता, टोल बिकास वा अन्य सरोकारवाला पदाधिकारी कर्मचारीको माध्यमबाट सामाजिक परिचालन सहित चेतना विकासमा र पूर्वाधार विकासमा टेवा पुर्याउने ।
- सूचकहरु पुरा गरेपछि टोल समुदायमा घरनिकायको स्वघोषणा गर्न लगा/परिवार/इ त्यस्को जानकारी लिइ सिंगो टोल समुदायलाइ घोषणा गर्न सहजीकरण गर्नेअभिप्रेरित गर्ने/, सवै टोल घोषणा भइ सकेपछि वडा स्तरीय घोषणा कार्यक्रम तर्जुमा गर्ने ।
- आवश्यता अनुसार कार्यदल, अनुगमन समिति, विद्यालय अन्य सामाजिक संघसंस्था उपयोग तथा परिचालनमा ल्याउने।/
- वडाको घोषणा गर्ने तथा कार्यक्रमलाइ पूर्णता दिन नगर घोषणाका लागि आवश्यक पहल, समन्वय र सहयोग गर्ने ।
- नीतिगत, कार्यक्रम गत लगानी योजनाको कार्यान्वयनका लागि बजेट व्यवस्थापन गर्न, दीगोपना ल्याउन र संस्थागत निरन्तरतामा पहल गर्ने ।
- नगर स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री समन्वय समिति सँग समन्वय गर्ने।
- नगर स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरु पुर्णता प्राप्तीमा सहयोग गर्ने ।
- नगर स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरु पुर्णता प्राप्तीका ब्यबधानहरु सहजीकरण गर्दै जाने ।
- नगर स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरु पुर्णता प्राप्तीका लागि आवश्यक कार्ययोजना तयार पारी कार्यान्वयन गर्दै जाने ।
- आवश्यकतानुसार बैठक बसी समिक्षा गर्ने, सुचकहरुको बिश्लेषण गरी प्रतिबेदन तैयार गर्ने र परीक्षण गर्ने ,पुन :परीक्षणका लागि नगर स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छता समन्वय समिति वा कार्यदलसँग समन्वय गर्ने ।
- नगर स्तरीय पूर्ण सरसफाइ उन्मुख वातावरण मैत्री सूचकहरुको प्राप्ति सँग सम्बन्धित पुर्वाधार एबं खानेपानीको शुद्धता परीक्षणको आवश्यकतानुसार ब्यबस्था मिलाउने ।
- नगरपालिका ,नगर स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छता समन्वय समिति र अन्य सरोकारवाला निकायबाट समय समयमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।
- नतिजामा आधारित कार्ययोजनाको कार्यन्वयन गर्ने गराउने,
- आबस्यकतानुसार घोषणा इकाई स्थापना,जनशक्तिको व्यस्थापन तथा परिचालन गर्ने।

**७.४ वडास्तरीय अनुगमन समितिको संरचना तथा गठन**

संयोजक :- वडा अध्यक्ष,

सदस्य :- वडा समितिबाट तोकिए बमोजिमका महिला सदस्य,

सदस्य :- वडा टोल बिकास संस्थाको संयोजक

सदस्य :- अध्यक्षले तोकेको सामुदायिक संघसस्थाको प्रतिनिधि

सदस्य सचिव :- वडा सचिव ।

**७.४.१ वडास्तरीय अनुगमन समितिको काम,कर्तव्य र अधिकार :**

- सुचकहरुको प्रतिवेदन तथा अवस्था,कार्ययोजनाको अवस्था अध्ययन गर्ने ।
- प्रतिवेदनको शुद्धता परीक्षण तथा पुनः परीक्षण गर्न सहयोग गर्ने ।
- प्रारम्भिक र अन्तिम प्रतिवेदन तैयारी तथा नतिजा प्रकाशन गर्नमा सहयोग गर्ने ।
- वडा /टोल/ समूदायलाई घोषणाको सुनिश्चतामा सहजिकरण गर्ने ।
- स्थलगत अध्ययन गरी पूर्ण सरसफाइ युक्त / वातावरण मैत्री कृयाकलापको रुपरेखा उपर लेखाजोखा तथा प्रतिबेदन अद्यावद्यिक गर्ने ।

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

- नमुना छनौट र त्यस्को परीक्षण तथा पुन :परीक्षण गर्ने ।

**७.५ नगर स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छतायुक्त वडा /पालिका घोषणा कार्यक्रमको शिफारीस तथा सहजीकरण कार्यदलको संरचना तथा गठन :-**

संयोजक : उप-प्रमुख

सदस्य : वडा न १ का वडा अध्यक्ष

सदस्यः वडा न ३ का वडा अध्यक्ष

सदस्य : वडा न ४ का वडा अध्यक्ष

सदस्य : वडा न ७ का वडा अध्यक्ष

सदस्य : वडा न १० का वडा अध्यक्ष

सदस्य : वडा न ११ का वडा अध्यक्ष

सदस्य सचिव – शाखा प्रमुख वन वातावरण तथा सरसफाई शाखा

**नोट उल्लेखित पदाधिकारी निर्वाचन वा अन्य कारणवाट फेरबदल भएमा सोहि स्थानमा प्रतिस्थापित पदाधिकारीमा स्वत जिम्मेवारी हस्तान्तरण भएको मानिनेछ ।**

**७.५.१ नगर स्तरीय वातावरण मैत्री तथा सरसफाइ एवं स्वच्छतायुक्त वडा /पालिका घोषणा कार्यक्रमको शिफारीस तथा सहजीकरण कार्यदलका काम कर्तव्य र अधिकार :-**

- तथ्याङ्कहरुको रुपरेखा तयार गरी लेखाजोखा तथा अध्यावधिक गर्ने ,
- सुचकहरुको प्रतिवेदन अध्ययन गर्ने ।
- प्रतिवेदनको शुद्धता परीक्षण तथा पुनः परीक्षण गर्न सहयोग गर्ने ।
- प्रारम्भिक र अन्तिम प्रतिवेदन तैयारी तथा नतिजा प्रकाशन गर्नमा सहयोग गर्ने ।
- वडा /टोल/ समूदायलाई घोषणाको सुनिश्चतामा सहजिकरण गर्ने ।
- नतिजामा आधारित कार्ययोजनाको स्वकृति गर्ने गराउने,
- लगानीयोजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने,
- नीतिगत बजेट तथा कार्यक्रमको निरन्तरतामा पहल गर्ने,
- घोषणाको अबलम्वन तथा प्रतिबद्धताको कार्यान्वयन गर्ने गराउने ,
- घोषणा इकाई स्थापना,जनशक्तिको व्यस्थापन तथा परिचालन गर्ने।

**७.६ सहजीकरणः** क्षमता विकास कार्यक्रम तथा अभिमुखीकरणको संचालन पूर्ण सरसफाइ वा वडा / नगर घोषणाका लागि नगरस्तरमा कार्यदलका संयोजक तथा सदस्य सचिव वाट सहजीकरण गर्नुपर्ने छ । वडास्तरमा कार्यदलका संयोजक सदस्य र सदस्य सचिव लगायत बिषय विज्ञ, सहजकर्ता वा निर्दिष्ट पक्षवाट तोकिए वमोजिमका विषयहरुमा अभिमुखीकरण प्रदान गर्नुपर्नेछ । साथै टोल एवं समुदाय स्तर / विद्यालयस्तरमा सामाजिक परिचालक र सहजकर्ता तथा वडा समितिले अभिमुखिकरण प्रदान गर्नुपर्नेछ ।

**७.७ पूर्वाधार निर्माणमा सहयोग :-** वडासमितिले घरधुरी सर्वेक्षणको नतिजा तथा प्रतिवेदन वाट प्राप्त प्रतिवेदन अध्ययन गरी वडा समन्वय समितिले आवश्यक शिफारीस नगर समन्वय समितिमा पेशगर्नुपर्नेछ र शोको पूर्णताका लागि अति विपन्न घरधुरी का लागि मात्र सहायता तथा सपोर्ट सामाग्री न.पा. वाट प्रदान गरी पूर्णता प्राप्त गर्न बांकी सबै घरधुरी लाइ यथाशिघ्र कार्य सम्पादन हुने गरी निर्देशन र समन्वय एवं सहजीकरण कार्य नगर समन्वय समितिवाट र कार्यदल वाट गर्नु पर्नेछ ।

**७.८ सामुदायिक परिचालन , सुचक पूर्णताका लागि सहयोग र पूर्वाधार निर्माण :-** टो.वि.स. का अगुवाई गर्ने पदाधिकारी , सामाजिक परिचालक, सहजकर्ता र वडा समितिले आवश्यकता अनुसार स्वसकृय भई परिचालन हुनु तथा गर्नुपर्नेछ । यस आ.व.भित्र निर्माण हुन बांकी संरचना एवं कार्य सम्पादन गरिसक्नुपर्ने गरी सामुदायिक परिचालनगरी सूचकको पूर्णतामा योगदान सबै सरोकारवालाहरुवाट गर्नुपर्नेछ ।

**७.९ शुद्धता परीक्षण / प्रतिवेदन निर्माण एवं परीक्षण र नमूना सामाग्री व्यवस्थापन :-** आवश्यकतानुसार खाना,पानी,पूर्वाधारहरुको शुद्धता परीक्षण , सूचकहरुको परीक्षण र पुन परीक्षण गरी आवश्यक परेमा नमूना सामाग्री समेतको व्यवस्थापन गरी कार्य एवं सूचकको पूर्णता स्वःसंकृय भई सरकारी तथा निजी पक्षवाट भूमिका निर्वाह गरिनेछ ।

**७.१० सचिवालय ब्यवस्थापन :-**नगरपालिकामा स्थापित शाखाबाट आवश्यक सामाग्रीको छपाई तथा व्यवस्थापन, प्रचार प्रसार सामाग्री व्यवस्थापन र प्रतिवद्धता निर्माण सहित घोषणाको कार्य प्रकृया सहजीकरण गरी कार्य अगाडी वढाइने छ ।

**७.११ भुमिका तथा दायित्वः-** विषयविज्ञ , विषयगत निकाय, शाखा तथा समन्वय समितिवाट निरन्तर रुपमा कार्यदललाई प्राविधीक सर्पोट क्षमता विकासमा सहयोग तथा सहजीकरण त्यसको पुनरावृति र संख्थागत प्रवन्ध एवं दिगोपनमा आवश्यक सामाग्री र सहयोगको योगदान अनिवार्य गर्नुपर्ने छ



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

स्थानीय राजपत्र

। नगर क्षेत्रभित्रका सम्पूर्ण सरकारी,गैर सरकारी तथा निजी क्षेत्र सबैको स्वः सकृयतामा सूचकहरुको अवलम्वन तथा पूर्णताको अवस्थामा घोषणा गर्ने कार्य सभ्य र भव्य रुपमा गर्न भूमिका निर्वाहगर्नु सबैको कर्तव्य तथा दायित्व दुवै रहनेछ।

**७.१२ वजेट ,जनशक्ति को व्यवस्थापन एवं कार्यान्वयनः-** नगरपालिका द्धारा घोषणाको पूर्वाधार तयारगर्न आवश्यक पर्ने वजेट व्यवस्थापन गरिनेछ ,शोका लागि आवश्यक पर्ने सहजकर्ता,निरिक्षकलगायतका जनशक्तिको सेवा करार र सरोकारवालावाट प्रस्तावित बजेटको कार्यान्वयन गर्दै लगिनेछ ।त्यसै नगर वडा ,र समुदाय स्तर एवं घरधुरीस्तरमा आ-आफनो तर्फवाट सूचकहरुको पूर्णता दिई घर /घर वाट स्वः घोषणा गरी समुदाय, टोल हुदै वडा र नगरस्तरमा स्वः सकृयता नगरवासी सबैको रहनुपर्नेछ। उक्त कार्यमा बिभिन्न समितिगत रुपबाट औचित्यपुर्ण तरीकाले माग भई आएको लगानी योजना तथा बजेटको ब्यवस्था नगरपालिका मार्फत् गरिनेछ।

**७.१३ बैठक सञ्चालन सम्बन्धि विशेष ब्यबस्था :-** यस निर्देशिका बमोजिमका समितिहरुको निर्धारीत मितिका बैठकहरुमा उपस्थित सदस्यहरुको बहुमतबाट पारित निर्णयमा गणपुरक संख्या पुगेको मानिनेछ।बैठकको निर्णय प्रमाणिकरण अध्यक्षले गर्नेछन र यस्तो अधिकार सदस्य सचिवलाइ दिन सकिनेछ।बैठक पुस्तिका सदस्य सचिवको जिम्मामा रहनेछ।

**७.१४ नमुना छनौट :-** सुचकहरु प्राप्तीको परीक्षण सेन्सस बिधीबाट गर्दा धेरै खर्चिलो र समय अभाव हुने हुँदा स्याम्पलिङ बिधीबाट वडा भित्रका समुदाय /टोलहरु मध्येबाट बढीमा ६ वटा नमुना छनौट गरी तिनीहरुको पुर्णता प्राप्तीको स्थलगत निरीक्षण एबं मुल्याङ्कन वडा समितिले गर्ने र ति वा अन्य कुनै परिवार वा सँस्थाको प्रति वडा २/२ वटाका दरले नगरपालिकाले स्याम्पलिङ गरी सुचकहरुको प्राप्ती तथा पुर्णतामा परीक्षण र प्रमाणीकरण गरी घोषणाको कार्य अगाडि बढाउनुपर्नेछ।

**७.१५ खुडकिलाहरु :-** कार्यबिधी निर्माण, अभिमुखीकरण, समितिगत बैठक, अनुगमन, नतिजामा आधारीत कार्ययोजनातर्जुमा,घरधुरी सर्वेक्षण तथ्याङ्क संकलन,प्रशोधन बिश्लेषण,प्रतिबेदन निर्माण प्रानणीकरण,वस्तुगत यथार्थताको समिक्षा,प्रकाशन,तालिम ,क्षमता बिकास,तहगतभेला तथा सम्मेलन र घोषणा कार्यहरु रहनेछन्।

**७.१६ घोषणाका प्रतिफल :-** स्थानीय लगानी योजना निर्माण,प्रतिबेदन निर्माण,सुचकहरुको पुर्णता तथा प्राप्ती,सँरचनाहरुको निर्माण/परिचालन र वडा तथा पालिकामा पूर्णसरसफाइ उन्मुख/वातावरण मैत्री बातावरण तयार भई नगरवासीको समृद्धि हासिल तर्फ अग्रसर हनेछन।

**७.१७ मानब मलमुत्र,ठोस तथा तरल फोहोर,सार्बजनिक शौचालय,सहरी सरसफाईका सुविधाहरु र वातावरण मैत्री क्रियाकलापहरुको रणनैतिक योजनागतकार्यहरुः-** स्थानीय लगानी योजनाहरुको आधारमा तर्जुमा गरि बहस,पैरवी र ध्यानाकर्षण सहित क्षमता विकास र ल्याण्डफिल्ड साईड, वाटरट्रीटमेन्ट प्लान,ढल निकास तथा नाला निर्माण, पार्क, उद्ध्यान जस्ता बृहत्तर योजनाको कार्यान्यिन गरिनेछ।

**परिच्छेद – ८**

**८. विविध :-**

**८.१ प्रविधीको प्रयोग :-** खा.पा. लगायत अन्य पूर्वाधारको शुद्धता परीक्षणमा आधुनिक प्रविधीको प्रयोग गर्नुपर्नेछ।

**८.२ विशेष व्यवस्था :-** वडा समिति वा समन्वय समिति वा कार्यदलले जोखिममा परेका र अशक्त तथा अपाङ्ग एवं अति विपन्न परिवारका लागि निजहरुको प्रतिनिधी तथा संरक्षकहरु मार्फत पनि आवश्यक सहयोग गर्न सकिनेछ।

**८.३ सार्वजनिक पूर्वाधार विकासमा लागि अनुदान :-** सार्वजनिक शौचालय लगाएत वाटोघाटो सर सामाग्री आदि खरिद तथा उपलव्ध गराउनु पर्ने भएमा वडा समिति वा कार्य दलले गराउन सक्नेछ।

**८.४ समयमै कार्य सम्पन गर्नु पर्ने :-** नपूग सूचकको पूर्णताका लागि उपलव्ध गराइ वा सामाग्रीद्धारा समयमै कार्य सम्पन गर्नुपर्ने छ। नगरेमा प्रदान भएको चिजबस्तु बांकी सरह फिर्ता तथा असूली गरिनेछ।

**८.५ दोहोरो सुविधा नपाउने :-** घरधुरी लाइ सहायता सामाग्री वडा वा नगर वा अन्य निकाय जहांवाट हुन्छ दोहोरो नपर्ने गरी दिनुपर्नेछ र लिनेले पनि शोहि वमोजिम लिनु पर्ने छ दोहारो पर्ने गरी सूविधा लिन पाउने छैन।

**८.६ आदेश वा निर्देशन दिन सक्ने :-** यो निर्देशिका वमोजिमको काम कारवाहीका सम्वन्धमा सरोकारवालालाइ नगर समन्वय समितिले आदेश वा निर्देशन दिन सक्नेछ, त्यस्तो निर्देशन पालना गर्नु सरोकारवालाको कर्तव्य हुनेछ।

**८.७ कारवाही हुने :-** अनुदान लिन वा अन्य गलत मनसायले झुठा कृयाकलाप गरेको पाईएमा त्यस्ता व्यक्ति संस्था वा निकाय लाई प्रचलित कानुन वमोजिम कारवाही गरिनेछ।

**८.८ निर्देशिका तथा अनुसूचीमा एवं कुनै सूचकमा हेरफेर तथा संसोधन गर्न सक्ने :-** कार्यपालिकाले यो निर्देशिका तथा अनुसूची आवश्यकतानुसार हेरफेर थपघट तथा संसोधन गर्न सक्नेछ।शोका लागि नगरस्तरीय समितिले अनुमोदन हुने गरी आवश्यक कार्य अगाडि बढाउन सक्नेछ।

**८.९ वाधा अडकाउ फुकाउने :-** यस निर्देशिका कार्यान्वयनका क्रममा कुनै वाधा अवरोध आएका कार्यपालिकाले वाधा अडकाउ,फूकाउन सक्नेछ।

**८.१० यसै कार्य विधीवमोजिम भएको मानिने :-** यो निर्देशिका पारीत हुनुपूर्व सरसफाइ गुरु योजना तथा पूर्ण सर सफाइ मैत्री र वातावरण मैत्री गुरुयोजना तथा रणनीति वमोजिम भए गरिएको कार्य यसै निर्देशिकाबमोजिम भएको मीनने छ।



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

स्थानीय राजपत्र

**अनुसूची -१**
**पुतलीबजार नगरपालिका**
**स्याङ्जा**

**वडा नं. :-**

**“पूर्ण सरसफाई उन्मुख वातावरणमैत्री घर/परिवार टोल/वडा/पालिका घोषणाका लागि तथ्याङ्क संकलन तथा अनुगमन एवं मुल्यांकन फारम”**
**(घर परिवार तह)**

घर मुलीको नाम/संस्थाको नाम : आ.व. :
टोल/समुदाय/बस्तीको नाम : संकलनको नाम :
सम्पर्क नं. : तथ्याङ्क संकलन/अनुगमन गरेको मिति :
नतिजा : निलो ☐ पहेलो ☐ हरियो ☐ फाराम प्रमाणित गर्नेको नाम र सही :
मूल्याङ्कन कर्ता/स्वघोषणा कर्ताको सही :

**खण्ड (क)**
**पूर्ण सरसफाइ उन्मुख / वातावरण मैत्री घर/परिवार तहका आधारभुत सूचकहरुको अवस्था :**

| **क्षेत्र** | **सूचक** | **अवस्था** | | **पुष्ट्याई** |
|---|---|---|---|---|
| | | **छ** | **छैन** | |
| चर्पीको समुचित प्रयोग | साबुन पानी सहितको सुरक्षित, सफा (सुधारिएको )चर्पी भएको ? | | | |
| | सबै समयमा परिवारका सम्पूर्ण सदस्यहरुले नियमित रुपमा चर्पीको प्रयोग गर्ने गरेको ? | | | |
| | खुला ठाउँमा दिसा नभेटिएको ? | | | |
| | संघ सस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री भएको ?(संस्थागतका लागि मात्र ) | | | |
| व्यक्तिगत सरसफाइ | घरमा उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको ? | | | |
| | विद्यालय संघसस्था र सार्वजनिक शौचालायहरुमा साबुन पानीले प्रयोगकर्ता मैत्री हात धुने सुविधा (स्थान र साबुन पानी ) भएको ? (संस्थागतका लागि मात्र ) | | | |
| | महिनावारीको समयमा स्यानेटारी प्याड वा कपडा नियमित प्रयोग गर्ने गरेको ? | | | |
| | विद्यालय संघसस्थाहरुमा महिनावारी स्वच्छताका लागी इन्सिनेटर तथा ढक्कन सहितको बाल्टिनको व्यवस्था भएको ? | | | |
| | व्यक्तिगत सरसफाईमा ध्यान दिएको ? | | | |
| सुरक्षित पानीमा पहुँच र प्रयोग | आधारभूत स्तरको खानेपानीमा पहुँच भएको ? | | | |
| | खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको ? | | | |
| सुरक्षित खानाको प्रयोग | घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको ? | | | |
| | बासी तथा सडेगलेको खाना नखाने÷नबेच्ने गरेको | | | |
| | खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको ? | | | |
| | फलफूल तथा खानेकुराहरु राम्रोसंग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको ? | | | |
| घर तथा संस्थागत सरसफाइ | घर आगन सरसफाइ राख्ने गरेको ? | | | |
| | घर आगँन एवं विद्यालय, संघसंस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको ? | | | |

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

| क्षेत्र | सूचक | अवस्था | | पुष्ट्याई |
|---|---|---|---|---|
| | | छ | छैन | |
| | अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेका] ? (संस्थागतका लागि मात्र ) | | | |
| | उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको ? | | | |
| | भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको ? | | | |
| | जुठयान, चांग र भान्छा कोठामा रयाकको सुविधा भएको | | | |
| | गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको ? (संस्थागतका लागि मात्र ) | | | |
| | घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमुत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्याकमा जोडिएको) ? | | | |
| | मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको? | | | |
| | नगर वा नगरोन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएका? | | | |
| | नगर र नगरोन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थानको लागि स्यानिटरी ल्याण्डफिल साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएका ? | | | |
| | व्यवस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) को योजना तर्जुमा भएका ? | | | |
| | संस्थागत स्थलमा सरसफाइ फोकल व्यक्ति तोकिएको ? | | | |
| | पाल्तु जनावर जस्तो गाइ, भैसी, कुकुर, हाँस, सुगुर , बंगुर, कुखुरा आदिको दिशा खुल्ला रुपमा गरे /नगरेको ? | | | |
| | बाल मैत्री , अपाङ्ग मैत्री, धारा, चाँवी, चुकुल, विल चियर अटाउने बाटो र स्थान, टेक्ने ठाउँ, अडेस लगाउने साधनको सुविधाको प्रयाप्तता छ / छैन ? | | | |
| | साप्ताहिक/ पाक्षिक / मासिक टोल समुदायको सरसफाई अभियान संचालन गरे/ नगरेको ? | | | |
| | घर घरमा कौसी खेति/ एक घर एक करेसावारी प्रयोगमा लाएको वा नल्याएको ? | | | |

स्थानीय राजपत्र

**खण्ड (ख)**

**वातावरण मैत्री सार्वजनिक कार्यालयका आधारभुत सूचकहरुको अवस्था :**

वातावरणमैत्री सार्वजनिक कार्यालय घोषणा हुन देहायका सूचकहरु पूरा गरेको हुनु पर्दछः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १. सरसफाई | १. लैङ्गिकमैत्री शौचालयको व्यवस्था भएको<br>२. शौचालयमा हातधुने साबुन र पानीको व्यवस्था भएको<br>३. शौचालयभित्रका सामानहरु; दुरुस्त रहेको र दैनिक रुपमा सरसफाई हुने गरेको<br>४. कार्यालयका हरेक कोठा, बरण्डा र परिसर दैनिक रुपमा सफाई हुने गरेको<br>५. कार्यालयको भित्ता, सिलिंग तथा पर्खालमा माकुराको जालो, धुलो, लेऊ, अनावश्यक बिरुवा, झारपात, फोहरको धब्बा नरहेको | | | |



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | ६. कार्यालय परिसरमा खुला रुपमा थोत्रा तथा अनावश्यक सामानहरु राख्ने नगरेको<br>७. कार्यालयका भवन, भित्ता, पर्खालमा जथाभावी पोस्टर, अनावश्यक भित्ते लेखन आदि नरहेको।<br>८. कार्यालयका भित्ताहरुमा सुर्ती, पान, गुट्खा थुक्ने नगरेको | | | |
| २. कार्यालय भवनको मर्मत सम्भार | १. कार्यालयभवनको नियमित रुपमा मर्मत सम्भार गर्ने गरेको<br>२. कार्यालय भवन तथा पर्खालहरुको नियमित रङ्गरोगन गर्ने गरेको | | | |
| ३. कार्यालयको सौन्दर्य तथा हरियाली | १. कार्यालय कम्पाउण्डभित्र रहेको खाली स्थानमा फूल, फलफूलका बिरुवा, दुबो सहितको सुन्दर बगैंचा रहेको<br>२. बगैंचाको नियमित हेरचाह र रेखदेख हुने गरेको<br>३. कार्यालयको स्वामित्व भएको जग्गा वा सार्वजनिक जग्गामा वर्षमा कम्तिमा एकपटक वृक्षरोपण गर्ने गरेको<br>४. कार्यालय परिसरमा कम्तिमा दशवटा बहुवर्षे बोट बिरुवा हुर्काएको<br>५. वर्षेपानी जमिनमा रिचार्ज गर्ने व्यवस्था भएको । | | | |
| ४. फोहरमैला व्यवस्थापन | १. कार्यालयको फोहर सड्ने र नसड्ने गरी वर्गीकरण गर्ने गरेको<br>२. सड्ने फोहरलाई कार्यालय परिसरभित्रै मल बनाउने गरेको वा अन्य तरिकाले व्यवस्थापन गर्ने गरेको<br>३. प्लाष्टिकजन्य फोहरलाई छुट्टै जम्मा गरी बिक्री वा निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br>४. ब्याट्री, सि.एफ.एल्. (CFL) चिम फुटेका सिसा, बोतल, ट्युवलाइट जस्ता हानिकारक फोहरमैला छुट्याई निर्धारित स्थलमा जम्मा गर्ने गरेको<br>५. कार्यालयसँग जोडिएको सडकपेटी नियमित रुपमा सरसफाई गर्ने गरेको<br>६. कार्यालयमा रहेका सोफा, कार्पेट, पर्दा जस्ता सामानहरु नियमित रुपमा सफा गर्ने गरेको<br>७. कार्यालय परिसरभित्र र बाहिर फोहर, धुलो, कागजका टुक्रा तथा अन्य फोहरजन्य वस्तु नरहेको<br>८. कार्यालयमा चालीस माइक्रोनभन्दा कम गुणस्तरका प्लाष्टिकको झोला प्रयोगमा रोक लगाएको। | | | |
| ५. उर्जाको प्रयोग | १. कार्यालयमा ऊर्जा खपत कम गर्ने चिमको प्रयोग भएको<br>२. प्रयोग नभएको समयमा सबै प्रकारका विद्युतीय उपकरण बन्द गर्ने गरेको। | | | |
| ६. सवारी साधनको प्रयोग | १. सवारी साधनको नियमित रुपमा प्रदूषण नियन्त्रण जाँच गराई Green Sticker टाँस्ने गरेको<br>२. पुराना सवारी साधनको नियमित रुपमा लिलाम बिक्री गर्ने गरेको। | | | |
| ७. सेवाग्रहीको लागि प्रतिक्षालयको व्यवस्था | १. कार्यालय परिसरमा सेवाग्राहीका लागि घामपानीबाट जोगिन प्रतिक्षालयको व्यवस्था रहेको<br>२. प्रतिक्षालयमा नियमित रुपमा सरसफाई हुने गरेको। | | | |
| ८. सेवाग्राहीका लागि शौचालय | १. कार्यालयमा Toilet र Urinal सहितको महिला तथा पुरुषका लागि सार्वजनिक शौचालय रहेको<br>२. शौचालयमा सावुन र पानीको व्यवस्था रहेको<br>३. शौचालयको नियमित रुपमा सरसफाई हुने गरेको | | | |
| ९. कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग | १. कार्यालयले आफ्ना सबै भवनहरुको नक्सा सम्बन्धित निकायबाट पारित गरेको<br>२. कार्यालयभित्र तथा बाहिर जाँदा यात्रुका झोला चेकजाँच गरेर मात्र भित्रबाहिर जान दिने गरेको<br>३. कार्यालयमा सुरक्षाको लागि कम्पाउण्ड वाल लगाईएको | | | |

स्थानीय राजपत्र

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | ४. कार्यालयका सबै भवनहरुमा भवन संहिताको पालना गरिएको<br>५. कार्यालयका पुराना भवनहरुलाई आवश्यकता अनुसार प्रवलीकरण गरिएको | | | |
| १०. चमेनागृहको व्यवस्था | १. चमेनागृह सफा सुग्घर रहेको<br>२. चमेनागृहले सामानहरुको मूल्यसूची टाँस्ने गरेको<br>३. चमेनागृहमा स्वच्छ पिउने पानीको व्यवस्था भएको<br>४. चमेनागृह अगाडिफूलबिरुवा रहेको<br>५. कार्यालयले खाजा खाने निश्चित समय निर्धारण गरेको<br>६. कर्मचारीहरु कार्यकक्षमा बसेर खाजा खाने नगरेको। | | | |

**खण्ड (ग)**

**वातावरण मैत्री  वडाका लागि आधारभुत सूचकहरुको अवस्था :**

नगरपालिकामा वडा तह वातावरणमैत्री हुनका लागि वडाभित्रका सबै टोल/बस्तीहरु वातावरणमैत्री भएको हुनु पर्नेछ। यसका अलावा नगरपालिकाको वडा तहका लागि आधारभूत सूचकहरु देहाय बमोजिम तय गरिएको छ :

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १. खानेपानीका मुहान तथा स्रोतको संरक्षण | १. वडामा भएका सबै खानेपानीका श्रोतहरुको लगत राखी संरक्षण गरिएको र सबै पानीका श्रोतहरुको गुणस्तर परीक्षण गरिएको<br>२. पानी सुरक्षा सम्बन्धी तालिमहरु सञ्चालन गरेको र वडाबासीलाई भूमिगत जलस्रोतको पुनर्भरण एवं बहुउपयोगिताको निम्ति आकाशे पानी सङ्कलन र प्रयोगलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम तर्जुमा गरी लागु गरेको | | | |
| २. फोहरमैला व्यवस्थापन | १. घर–घर बाट संकलित फोहर नगरपालिकाबाट तोकिएको स्थानमा विसर्जन गर्ने गरिएको<br>२. वडा परिसरमा प्लाष्टिक झोलाको प्रयोगलाई कम गर्न बैकल्पिक उपायहरुको विकास र त्यसको प्रयोग गरिएको | | | |
| ३. ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन | टोल तथा वडाभित्रका सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको  लगत कायम गरी सबै ताल, पोखरी तथा सिमसार क्षेत्रको संरक्षणका लागि समिति गठन गरी संरक्षण कार्यक्रम सञ्चालन गरिएको | | | |
| ४. विपद् व्यवस्थापन सम्बन्धी आधारभूत क्षमता, विस्तृत अध्ययन तथा आपत्कालीन सुरक्षित क्षेत्र | १. जलवायु परिवर्तन सम्बन्धी आधारभूत ज्ञान सिप तथा क्षमताको विकासका लागि समुदाय तहमा अनुशिक्षण कार्यक्रम सञ्चालन भएको।<br>२. वडागत रुपमा विपद्जोखिम संकटासन्नता तथा क्षमता मुल्याङ्कन गरी प्रतिवेदन तयार भएको।<br>३. विपदको अवस्थामा तत्काल उद्धारका लागि सुरक्षित स्थल (खुला क्षेत्र) निर्धारण गरी सोको संकेत प्रयोग गरिएको।<br>४. विपद् जोखिम न्यूनीकरणको लागि वडास्तरीय स्वयम्सेवकहरुको समूह बनाई परिचालन गरेको। | | | |
| ५. वन संरक्षण तथा दिगो व्यवस्थापन | वडाको भूगोल भित्र रहेको वनको विस्तृत लगत राखेको र वडा भित्र क्रियाशील वन उपभोक्ता समितिसँग सहकार्य गरेको। | | | |
| ६. पर्ती जमिनको व्यवस्थापन तथा हरियाली प्रवर्द्धन | पर्ती वा सरकारी वा सार्वजनिक जग्गाको नक्सा÷विवरण सहितको लगत राखिएको र त्यस्ता जग्गामा वृक्षरोपण गरी संरक्षण गरेको। | | | |

स्थानीय राजपत्र

**खण्ड (घ)**

**वातावरण मैत्री नगरपालिकाका लागि आधारभुत सूचकहरुको अवस्था :**

वातावरणमैत्री नगरपालिका हुनका लागि नगरपालिका भित्रका सबै टोल र वस्तीहरु वातावरणमैत्री भएको हुनु पर्नेछ। यसका अलावा नगरपालिकाका लागि देहायका आधारभूत सूचकहरु तय गरिएको छः

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| १. खानेपानीको रणनीतिक योजना (Strategic Plan) निर्माण | स्वच्छ खानेपानी आवश्यकता पूरा गर्ने गरी रणनीतिक कार्ययोजना नगर सभाबाट स्वीकृत भएको। | | | स्वीकृत रणनीतिक योजना दस्तावेज |
| २. फोहरमैला केन्द्रको स्थापना | १. सड्ने र नसड्ने फोहरको वर्गीकरण गर्ने गरी फोहरमैला केन्द्रको आवश्यक व्यवस्था गरेको<br>२. सड्ने फोहरबाट प्राङ्गारिक मल बनाउन प्रोत्साहन गर्नको लागि कम्पोष्ट बीनको वितरण भएको<br>३. फोहरमैलाको दिगो व्यवस्थापनको लागि व्यवस्थित ल्याण्डफिल साइट वा एकीकृत फोहरमैला व्यवस्थापनको अभ्यास गरेको | | | फोहरमैला केन्द्रको लागि छुट्याइएको जग्गाको लगत र क्षेत्रफल, सञ्चालन मिति तथा नगरपालिकाको निर्णय। |
| ३. सार्वजनिक स्थानमा शौचालयको व्यवस्था | १. बसपार्क, पेट्रोल पम्प, पर्यटकीय क्षेत्र तथा साँस्कृतिक सम्पदा, पार्क तथा उद्यान र मुख्य हाटबजार स्थलमा बालबालिका, लैङ्गीक तथा अपाङ्गमैत्री सार्वजनिक शौचालयहरूको व्यवस्था भएको | | | |
| ४. प्लाष्टिक झोला प्रयोगमा प्रतिबन्ध | १. नेपाल सरकारले तोकेको गुणस्तरभन्दा कम गुणस्तरको प्लाष्टिक झोला प्रयोगमा बन्देज गरिएको<br>२. प्लाष्टिकको झोलाको विकल्पमा वातावरणमैत्री झोला उत्पादन गर्न प्रोत्साहित गरिएको र उत्पादित झोलाको बजारीकरण भएको | | | |
| ५. विपद् व्यवस्थापन समितिको सक्रियता र कोष व्यवस्थापन | १. नगरस्तरमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठनगरिएको<br>२. स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकुलन सम्बन्धी कानून पारित गरिएको<br>३. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा भई नगर सभाबाट स्वीकृत गरिएको<br>४. योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, नीजि क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्था तथा परिचालन गरेको<br>४. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलनमा उचित ज्ञान सिप र क्षमता सहितको महाशाखा/शाखा/ईकाइ तथा कर्मचारीको व्यवस्था भएको | | | |
| ६. भवन संहिताको पालना | १. नगरक्षेत्रमा भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकुल स्थानीय भवन संहिता र मापदण्ड तयार भएको<br>२. भवन निर्माण गर्दा भवन निर्माण संहिता र मापदण्ड अनिवार्य गर्ने गरिएको<br>३. नक्सा पास सम्बन्धी स्थानीय मापदण्डलाई भवन निर्माण संहितासँग आबद्ध गरिएको | | | |
| ७. हरियाली प्रबर्द्धन तथा पार्कको सञ्चालन | १. नगरको सडक क्षेत्र, सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरि वृक्षरोपण गरिएको | | | |

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

| प्रमुख सूचक | सूचकको अवस्था | छ | छैन | पुष्ट्याई |
|---|---|---|---|---|
| | २. नगरभित्र भएका वनको क्षेत्रगत लगत राखी विभिन्न समुदायस्तरीय वा नगरस्तरीय समिति मार्फत त्यसको उचित संरक्षण गरेको र आवश्यकता अनुसार सम्बन्धित वन कार्यालयसँग समन्वय गरेको<br>३. नगरबासीलाई पायक पर्ने स्थानमा जेष्ठ नागरिक विश्राम स्थल, मनोरञ्जन पार्क वा उद्यान निर्माण गरी सञ्चालनमा ल्याइएको। | | | |

**द्रष्टव्य :**

निलो :– पूर्वाधार विकासमा आनीवानी परिवर्तनको चरणमा रहेको । (४० देखी ५९ प्रतिशत प्रगति हासील हुनुपर्ने )

पहेंलो :- न्यूनतम पूर्वाधार तयारीको अवस्था रहेको । (६० देखी ७९ प्रतिशत प्रगति हासील हुनुपर्ने )

हरियो :- पूर्ण आनीवानी परिवर्तनको सुनिश्चिताको अवस्थामा रहेको । (८० देखी १०० प्रतिशत प्रगति हासील हुनुपर्ने )

- नतिजा महलमा जुन वर्गमा पर्छ तेहिं निम्न निर्दिष्ट चिन्हद्धारा मार्किङ गरेको हुनुपर्नेछ ।

**निम्नः :-** नतिजा महलमा सुचकहरु पुरा गरेकोलाइ (√) र नगरेको लाई (×) चिन्हले जनाउनु पर्नेछ ।

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

## अनुसूची – २

### बातावरण मैत्री/पूर्णसरसफाइ उन्मुख  पालिका घोषणा कार्यको अवलम्वन तथा प्रतिवद्धता :

- पूर्णसरसफाइ उन्मुख  /वातावरण मैत्री वडा /पालिका घोषणा कार्यक्रम कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।
- अनुसूची १ मा उल्लेखित सबै खण्डका  सूचकहरु उपयुत्त हुने देखिएकोले उक्त सूचकको स्वीकृति गरी कार्यान्वयमा ल्याउने निर्णय गरियो ।
- पूर्णसरसफाइ उन्मुख  /वातावरण मैत्री पालिका घोषणा कार्यक्रमको सम्पर्क शाखा वातावरण तथा सरसफाइ शाखा र सम्पर्क व्यक्ति शोहि शाखाको प्रमुखलाई तोक्ने निर्णय गरियो ।
- नतिजामुखी कार्ययोजनालाई स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो । यसका लागि नगरपरिषदबाट पारित बजेट कार्यान्वयनमा ल्याउने र नपुग हुने भएका उपयुक्त बजेट सम्बन्धित शिर्षकबाट शिर्षकान्तर गरी व्यवस्था गर्ने निर्णय गरीयो ।
- नगर सभाको नीतिगत तथा कार्यक्रमबाट व्यवस्था अनुरुप यस नगरपालिकाका १४ वटै वडा तथा नगरपालिकालाई पूर्णसरसफाइ उन्मुख /वातावरण मैत्री वडा/पालिका घोषणा गर्ने निर्णय गरियो ।
- नगर, वडा तथा सामुदायिक स्तरका गठित विभिन्न तोेकिए वमोजिमका समितिहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।
- नेपाल सरकार, प्रदेश सरकारबाट जारी गरेका निर्देशन तथा मार्गदर्शनका मर्म र भावना अनुरुप तयार गरिएको पूर्णसरसफाइ उन्मुख वातावरणमैत्री पालिका कार्यन्वयन निर्देशिका २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**उपयुक्त वमोजिमका प्रावधानहरुको अवलम्वन गर्न प्रतिवद्धता व्यक्त गर्नेको हस्ताक्षर :**

| क्र.सं. | नाम थर | पद | निकाय | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

## अनुसूची –३

### पुतलीबजार नगरपालिकाबाट वातावरण मैत्री/स्थानीय/पालिका वडा घोषणा गर्ने निर्णयको ब्यहोरा :

**निर्णय नं. :** पुतलीबजार नगरपालिकाले जारी गरेको पूर्णसरसफाइ उन्मुख वातावरणमैत्री पालिका कार्यन्वयन निर्देशिका २०७८ कार्यान्वयन गरी सो निर्देशिकाको अनुसूची १ वमोजिम सम्पूर्ण सुचकहरु पुरा भै तोकिएको नतिजा र प्रगति हासिल गरिएको र नेपाल सरकारको राष्ट्रिय लक्ष्य र शो को मार्गदर्शन समेत प्राप्त भै सकेको हुँदा यस पुतलीबजार नगरपालिकालाइ मिति २०७  /  /    /  मा पूर्ण सरसफाइ उन्मुख /बातावरणमैत्री पालिका/वडा घोषणा देहाय बमोजिमको उपस्थिति तथा रोहवरमा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**उपस्थिति तथा हस्ताक्षरकर्ताहरुको रोहवर विवरण एवं दस्तखत :**

| क्र.सं. | नाम थर | पद | निकाय | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

स्थानीय राजपत्र



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

**अनुसूची :-४**
**समुदाय/टोल/वडा/नगरस्तरबाट कार्यान्वयन गर्नुपर्ने**
**नतिजामुखी कार्ययोजना :-**

| क्र.स. | कार्य विवरण | मिति | मूख्य जिमेवारी |
|---|---|---|---|
| १ | घोषणाका लागि वडा छनौट | २०७८ फाल्गुण | वडा /नगरपालिका |
| २ | समुदाय / वडास्तरीय अभिमुखीकरण/समितिहरु गठन | २०७८ फाल्गुण देखि निरंतर | " |
| ३ | नतिजामुखी सूचकहरुको स्वीकृति।/नतिजामुखी कार्ययोजना स्वीकृति | २०७८ फाल्गुण,चैत्र | " |
| ४ | विभिन्न सन्जाल निर्माण/ परिचालन | २०७८ फाल्गुण देखि | " |
| ५ | यथार्थ अवस्था संकलन/ सहभागिताको सुनिश्चितता र विश्लेषण | २०७८ फाल्गुण,चैत्र देखि | " |
| ६ | नगरकार्यपालिकाको अवलम्वन गर्ने निर्णय कार्यान्वयनको लागि आवश्यक बजेट बिनियोजन तथा कोष स्थापना र परिचालन गर्ने प्रतिबद्धता | २०७८ फाल्गुण,चैत्र | नगरकार्यपालिका |
| ७ | ईकाई /सम्पर्क व्यक्ति / सहजकर्ता तोक्ने ब्यवस्थापन गर्ने | २०७८ फाल्गुण | नगरकार्यपालिकाको कार्यालय |
| ८ | सर्वेक्षण फाराम ,तथाङ्क संकलन ,अभिमुखिकरण विश्लेषण पुस्तिका तथा प्रतिबदेन लेखन र प्रकाशन | २०७८ फाल्गुण,चैत्र र ०७९ बैशाख देखि निरंतर | नगरकार्यपालिकाको कार्यालय/शाखा |
| ९ | नगरस्तरीय अभिमुखीकरण संचालन | २०७८ फाल्गुण चैत्र देखि | कार्यदल |
| १० | कार्यदल गठन तथा परिचालन | २०७८ माघ | नगरपालिकाद्धारा |
| ११ | नमूना निकायको अवलोकन भ्रमण अनुभव आदान प्रदान गर्ने गराउने | ०७९ जेठ देखि | नगरकार्यपालिकाको कार्यालय |
| १२ | आवश्यकतानुसार सूचकको सरलीकरण गर्ने | ०७९ जेठ देखि | वडा /नगरपालिका |
| १३ | सूचकको कार्यान्वयन अवस्था मापन कार्यशाला | ०७९ जेठदेखि | वडा /नगरपालिका |
| १४ | बहुबर्षिय बहु लगानी योजना तयारी वा घोषणा/पुर्वाधार निर्माणको सुनिश्चितता | ०७९ जेठदेखि निरंतर | वडा /नगरपालिका |
| १५ | स्थिती प्रतिवेदन तर्जुमा र सार्वजनिकिकरण | ०७९ जेठ देखि | वडा /नगरपालिका |
| १६ | अनुगमन /समिक्षा र मुल्याङ्कन | २०७८ ,चैत्र र ०७९ बैशाख,जेठ र असार | अनुगमन समितिहरु |
| १७ | नगर/ वडा/ सामुदायिकस्तरवाट प्रतिवद्धता सहितको निर्णय र दस्तखत | २०७८ ,चैत्र र ०७९ बैशाख,जेठ र असार | वडा /नगरपालिका |
| १८ | नीति तथा बजेट र कार्यक्रमको अद्यावधिकता | ०७९ जेठ | वडा /नगरपालिका |
| १९ | टोल / वडा घोषणाको कार्ययोजना तैयारी र घोषणा गर्ने | २०७८ फाल्गुण,चैत्र र ०७९ बैशाख,जेठ | वडा /टोल समुदाय |
| २० | दिगोपनाका लागि रणनैतिक कार्ययोजना तैयारी | ०७९,जेठ र आषाढदेखि | वडा /नगरपालिका |
| २१ | नगर घोषणा गर्ने कार्यक्रम | २०७९आषाढ मसान्त | वडा /नगरपालिका |

**नोट : कोविड़१९, निर्वाचन र बजेट उपलब्धता आदि बिशेषपरिस्थितिपरेमा उल्लेखित कार्य तालिका हेरफेर हुनसक्नेछ ।**



प्रमाणित गर्ने
सीमा कुमारी क्षेत्री
नगर प्रमुख

स्थानीय राजपत्र